
AP Fursad 30 Mar 2019 p-Cha.

# अब मेरो बिहा भयो, पत्रव्यवहार गर्न मिल्दैन

*अन्नपूर्ण पोस्ट्को शनिबारीय परिशिष्टांक फुर्सदमा २०७५ चैत ९ गते 'हिजो-अस्ति' स्तम्भमा लोकरञ्जन पराजुलीको लेख '९४ की कवि, को हुन् मधुबाला ?' छापिएको थियो। त्यो लेख पढेर २०१८ सालदेखि छापिइरहेको 'रचना' पत्रिकाका संस्थापक/सम्पादक तथा लेखक रोचक घिमिरेले लेख छापिएकै दिन शनिबार बिहान फोन गर्नुभयो। नयाँ पुस्ताले इतिहासका यस्ता विषयमा चासो देखाएर लेखे-छापेकामा धन्यवाद दिँदै उहाँले आफूले पहिले लेखेको लेख छाप्ने भए पठाइदिन्छु भन्नुभयो। नछाप्ने त कुरै थिएन, हामी प्रकाशित सामग्रीबारे व्यापक बहस होस्, प्रचुर प्रश्न-टिप्पणी उठोस् भन्ने नै चाहिरहेका छौं। घिमिरेप्रति आभार प्रकट गर्दै 'गरिमा' मासिकको २०६८ असार अंकमा 'कौतुकमयी मधुधारा र उनको काव्यिक रहस्य!' शीर्षकमा छापिएको लामो लेखको संक्षिप्तीकृत रूप यहाँ प्रस्तुत गर्छौं। लेखले अनौठो खुलासा गरेको छ।*



रोचक घिमिरे

प्रेम राजेश्वरी, लोकप्रिया, कृष्ण मञ्जरी, गोमा आदि नारी हस्ताक्षरका कविता 'गोरखापत्र', 'शारदा'मा प्रकाशित भइरहेका थिए। यस्तै समयमा नाम पनि मीठो स्वाद पनि रुचिकर भएका कविता लिएर एउटी कवयित्री देखा परिन् नेपाली साहित्याकाशमा– १९९४ साल जेठ २२ गतेको 'गोरखापत्र'मा 'सत्य तरंग' शीर्षक कविताकी रचयिताका रूपमा ती थिइन्– कुमारी मधुधारा! उनको नाम र उनको कविता दुवै आकर्षक थिए। आफ्नो बेग्लै पहिचान र स्वादिलो सिर्जना सीप लिएर देखा परेकी यी कवयित्रीप्रति समकालीन स्रष्टा र साहित्यका पाठकहरूमा निकै चाख उमाऱ्यो। लगत्तै १९९४ साल भदौ १९ गतेको 'गोरखापत्र'मा 'जटारह' शीर्षक उनको अर्को कविता प्रकाशित भयो। रामेछापको ठोसे बजारबाट उच्च हिमाली क्षेत्रस्थित जटापोखरी नामक धार्मिक कुण्डमा जाँदाको मार्ग वर्णनमा आधारित त्यस कविताले प्रकृतिवर्णनमा मधुधाराको बलियो क्षमताको सन्देश दियो पाठकहरूलाई।

यसपछि १९९४ असोज २ गतेको 'गोरखापत्र'मा 'स्त्री जीवन', त्यसै साल मार्ग ११ गते 'माहुरी', १९९४ कै माघ २२ गते 'अबोला लेखनी र हामी अवला' शीर्षक कविता 'गोरखापत्र'मा नै प्रकाशित भए। यी कविताबाट मधुधाराको लोकप्रियता बढ्न थाल्यो। आफ्ना पत्रिकामा प्रकाशनार्थ कविता पठाउन सम्पादकहरूका चिट्ठी जान थाले सुदूर रामेछापको ठोसेमा। 'गोरखापत्र'का सम्पादक प्रेमराज शर्माका चिट्ठी बराबर आउँथे मधुधारालाई। तिनमा उनलाई प्रेरित र प्रोत्साहित गरिएको हुन्थ्यो। प्रेमराजकै

साहित्यकारहरूद्वारा रुचाइएकी र कवयित्रीका रूपमा तारिफ गरिएकी मधुधाराको वास्तविकता के थियो त ? को थिइन् मधुधारा ? त्यस बारेको सत्यतथ्यका साक्षी दुइजना दिवंगत स्रष्टाका भनाइबाट मधुधाराको रहस्य यसरी उद्घाटित हुन्छ। नेपाली पद्य संग्रह भाग १ मा मधुधारालाई कविता रचनाको शिक्षा दिने भन्दै नाम उल्लेख गरिएका विद्वान्को भनाइयस्तो छ–

"१९९२ सालमा म शिक्षकमा नियुक्त भै ठोसे र सालू पाठशालाहरूमा कार्यरत भएँ। त्यसै समयमा कुनै महिलाको नाममा कविता छपाएर सम्पादकलाई झुक्याई मनोविनोद गर्ने लहड मेरो मनमा आयो र ठोसे पाठशालाकी एक छात्रा 'मधुधारा' का नामबाट १९९४ सालको सुरुतिर 'सत्यतरङ्ग' शीर्षक कविता गोरखापत्रमा पठाएँ। मेरो योजना अनुसार सम्पादकजी झुक्किए र त्यो तुरुन्त छापियो। अरु कविताको माग गरेर निकै तारीफ सहित सम्पादक प्रेमराज पौडेलको पत्र समेत आयो। त्यसवेला म सालू पाठशालामा थिएँ र साम्बजी (साम्बभक्त शर्मा सुवेदी 'मुरारि') रामेछापमा। हरेक हप्ता रामेछाप हाटमा हाम्रो भेट हुन्थ्यो। मैले आफ्नो लहडबाजी साम्बजीलाई सुनाएँ। उहाँलाई पनि मधुधाराको नामबाट कविता पठाउन प्रेरित गरें। उहाँले मान्नुभो। अनि मधुधाराका नाममा हामी दुवैका कविता बराबर 'गोरखापत्र'मा छापिन थाले। प्रेमराजजी पनि साँच्चिकै कवयित्री ठानेर पत्र लेख्न थाल्नुभयो। हामी उत्तर दिन थाल्यौं। 'यस्ती प्रगतिशील नारीले अङ्ग्रेजी पढ्नुपर्छ राजधानी मै आउनोस् म सहयोग गर्छु' भन्ने प्रेमराजजीको ताकिती पत्र बराबर आउन थालेपछि चाहिं हामीले 'अब मेरो बिहे भैसक्यो आउन मिल्दैन' भनी मधुधाराको भाकाबाट जवाफ पठाइदियौं; अनि मात्र प्रेमराजजीबाट पिण्ड छुट्यो। त्यो बेला अरु पनि केही भावुक कविहरू मधुधारालाई पत्र लेख्न थालिसकेका थिए। अत: यस्तो लहडबाजी चालू राख्नु मनासीब लागेन र पछि कविताहरू पठाउन छाडियो। त्यसवेलाको हाम्रो यस्तो मनोविनोदले एउटी काल्पनिक र चर्चित कवयित्री जन्माएको थियो" (सोमनाथ घिमिरे व्यास, 'अभिव्यक्ति'

छ, "मधुधारा को हुन् त ? भन्ने प्रश्नका उत्तरमा के मात्र भन्न सकिन्छ र सुनिएको छ भने पं. घिमिरेले आफ्नी प्रियतमाको काल्पनिक या वास्तविक (निश्चित थाहा छैन) नाउँबाट कविता प्रकाशित गराएका हुन् र पछि पद्य सङ्ग्रहमा परिचय पनि घिमिरेले नै दिलाइ दिएका हुन्। यसको प्रमाणमा हमी पं. साम्बभक्त सुवेदी, पं. सोमनाथ घिमिरे, पं. बदरीनाथ भट्टराईलाई औंल्याउन सक्छौं" (गणेश भण्डारी, 'मधुपर्क' २०२५ वर्ष १ अङ्क ५)।

डा. भण्डारीको उक्त लेख प्रकाशित भएको बेला उहाँले औंल्याउनुभएका तीनैजना स्रष्टा जीवित हुनुहुन्थ्यो। उहाँहरूमध्ये साम्वभक्त सुवेदी र सोमनाथ घिमिरेले विभिन्न पत्रिका र पुस्तकमा मधुधाराका विषयमा चर्चा गर्नुभएको छ। तर सम्बन्धित विद्वान्हरूद्वारा व्यक्त धारणामा डा. गणेश भण्डारीको भनाइ पुष्टि हुने आधार पाइँदैन। सुवेदी र घिमिरे दुवै मित्रहरू मात्र होइन बदरीनाथ भट्टराईले पनि मधुधारा ठोसे पाठशालामा सोमनाथ घिमिरे शिक्षक छँदा उहाँकी छात्रा रहेकी र पछि उनको विवाह रामेछाप कठजोरका वेददेव अधिकारीसँग भएको कुरा अवगत गराउनुभएको छ। यी तथ्यबाट डा. गणेश भण्डारीद्वारा उठाइएको प्रश्न केवल उहाँको अड्कलबाजी मात्र भएको सिद्ध हुन्छ।

युगकवि सिद्धिचरण श्रेष्ठले आफू पनि मधुधाराको फ्यान भएको कुरा यस पंक्तिकारसँग व्यक्त गर्नुभएको थियो। उहाँले भन्नुभएको थियो, "कुमारी मधुधारा चर्चित कवयित्री थिइन्। हुलाकबाट तिनका कविता गोरखापत्र, शारदा आदि पत्रिकामा आउँथे। अचेल तपाईंहरूले पारिजात, प्रेमा शाह, बेन्जु शर्मा आदिलाई मन पराएजस्तै त्यो बेलाका हामी युवा कवि लेखकहरू मधुधाराका फ्यान थियौं। तिनको तारीफ गरेर चिठी लेख्थ्यौं। अधीर भएर उत्तरको प्रतीक्षा गर्थ्यौं। उत्तर आउँथ्यो र रमाइलो मानेर हामी पढ्थ्यौं। यस्तै पत्र व्यवहार चल्दाचल्दै २००० सालमा तिनले आफ्नो पत्रमा

## हिजो-अस्ति

# लाजै भो !

खैर, जे भयो, सो भयो। यही मेसोमा पुरानो बिर्सिएको एउटा कविता, सर्जक र काव्यलेखनबारे एक पटक पुनः चर्चा-परिचर्चा गरियो।



लोकरञ्जन पराजुली

विमलजीले 'अन्नपूर्ण फुर्सद'को नेतृत्व सम्हाल्ने भएपछि (अनुसन्धानमूलक) लेखका लागि फोनमार्फत र भेटेरै पनि आग्रह गर्नुभएको थियो। तयारी सामग्री केही नभएको र अन्य काममा व्यस्त भएकाले उहाँलाई 'फुर्सदलाई अलि फुर्सदमा लेखूँला नि' भनेको थिएँ। विमलजी पूर्वसहकर्मी हुनुहुन्छ, हामीले केही समय मार्टिन चौतारीमा सँगै काम गऱ्यौं। तत्काल लामो र गहन केही लेख्न नसक्ने भए छोटोछरितो भए पनि हुन्छ भन्ने कुरा भयो। उहाँले थप्नुभयो, 'दाइ ट्वीटरमा विभिन्न रोचक सामग्रीहरू फ्याँकिरहनुहुन्छ, तिनलाई यसो अलि मिलाएर यतातिर फ्याँक्नुहोस् न।' शब्द ठ्याक्कै यिनै थिएनन्, कुरा यस्तै थिए।

हुन पनि मैले अनुसन्धान क्रममा भेटेका आफ्नो अनुसन्धानका विषयवस्तुभन्दा परका तर आफूलाई रोचक लागेर संग्रह गरिराखेका सामग्रीहरू बेलाबेलामा ट्वीटरमा फ्याँकिरहन्छु, ताकि ती सामग्रीले कसैको मनमा उत्सुकता सिर्जिऊन् र उनीहरू थप

पोखराबारे जेजति सामग्री पाएको थिएँ तिनको म फोटोकपी उतार्थें। तर, मेरो मुख्य ध्यान शिक्षातर्फ भएकाले यी 'अन्य' विषयमा छापिएका कतिपय सामग्री छुट्थे। अनि माइक्रोफिल्ममै पनि 'गोरखापत्र'का सबै अंक थिएनन्, छैनन्। यसरी संग्रह गरेका केही विषयका सामग्रीमा आधारित रही मैले लेखेका लेख विभिन्न पत्रिकामा छापिएका छन्।

आफूलाई रोचक लागेका तर आफ्नो अनुसन्धान क्षेत्रसँग कुनै साइनो नभएका कतिपय अन्य सामग्रीलाई म मेरो 'फोसा' फोल्डरमा संगृहीत गर्थें। सिनेमासम्बन्धी केही रोचक सामग्रीलाई मैले पहिले फोसामै राखेको थिएँ, तर पछि मलाई सिनेमामा केही लेख्न सकिन्छ जस्तो लाग्यो। अनि मैले पुन: माइक्रोफिल्मलाई दोहोऱ्याएँ, र सिनेमासम्बन्धी 'गोरखापत्र'मा छापिएका र आँखाले भ्याएका सप्पै सामग्री छुट्टै फोल्डरमा संकलन गरें। पछि तिनमा आधारित भएर प्रारम्भमा पत्रिकाका लागि छोटो लेख र त्यसपछि नेपालमा सिनेमाको सार्वजनिक प्रदर्शनीको इतिहासबारे लामै लेख लेखें।

विमलजीबाट दोहोरिएर आएको आग्रह नकार्न नसकी मैले मेरा फोसाका पोका फोएँ। १९९४ सालको 'गोरखापत्र'मा छापिएको एउटा सम्पादकीय टिप्पणी सहितको कवितामा मेरो नजर पऱ्यो। सो कविता मैले नाम कहिल्यै नाम नसुनेकी कवि मधुधाराको नाउँमा छापिएको थियो। उनको कविता राम्रो त छँदै थियो, सम्पादकले समेत सहऱ्याएका थिए।

आफू नेपाली साहित्यको विद्यार्थी वा

# ९४ की कवि, को हुन् मधुधारा ?

'पाहाडका कुनामा लुप्तगुप्त भइरहेकी यी कवयित्री' को हुन् ?



लोकरञ्जन पराजुली

**हिजो-अस्ति**

आजभन्दा करिब असी वर्षअघि (शुक्रबार, १९ भदौ १९९४)को 'गोरखापत्र'को सम्पादकीयमा 'कविता =मधुधारा' शीर्षकमा छोटो सम्पादकीय टिप्पणीसहित एउटा कविता छापिएको छ। यो कविता मधुधारा छेत्रिनी (थर पत्ता लाग्दैन) ले रचना गरेको बुभिन्छ।

पूर्व २ नम्बर अथवा हालको रामेछाप-दोलखा इलाकाकी यी महिला श्रावणी अर्थात् जनै पूर्णिमाका दिन 'जटारह भन्ने कुनै पाहाडी तीर्थमा' गएकी रहिछन्। कवितामा वर्णित विवरण र तिथिले गर्दा यो 'जटारह' भनेको सम्भवत: गोसाईंकुण्ड/ गोसाईंथान हुनुपर्छ।

मधुधाराले तीर्थाटनमा देखेभोगेका विवरण र आफ्ना भावना समेटेर एउटा कविता लेखेकी रहिछन्, जुन 'गोरखापत्र'का सम्पादकको हातमा कसैगरी पर्‍यो। सम्पादकले कविता रुचाए र लेखिकालाई सहाउँदै पत्रिकामा यथोचित स्थान दिए। त्यतिखेर 'गोरखापत्र'का 'म्यानेजर' ना.सु. विष्णुध्वज जोशी थिए भने सम्पादक 'डा.' प्रेमराज शर्मा। प्रेमराज 'गोरखापत्र'को सम्भवत: सर्वभन्दा लामो समय सम्पादक रहे। यद्यपि, उनी 'गोरखापत्र'मा निरन्तर सम्पादक रहिरहेनन्, प्रिन्टलाइन हेर्दा उनको नाउँ विभिन्न समयमा बिलाउँछ अनि फेरि देखा पर्छ। खासमा उनी कहिले गलहत्याइन्थे र पुन: बोलाएर सम्पादक/ म्यानेजर बनाइन्थे।

अर्को उल्लेख्य कुरा के छ भने प्रेमराजका बाबु चिरञ्जीवी र छोरा रामराज पनि 'गोरखापत्र'का सम्पादक भएका थिए। यहाँनेर प्रेमराजको अगाडि भुन्ड्केको फुर्को 'डा.'को अर्थ खुल्दैन। अनि उनको यो फुर्को पनि अघिपछि देखिँदैन, बीचका केही महिना मात्र देखिन्छ।

जे होस्, 'गोरखापत्र'का सम्पादकद्वारा प्रशंस्याइएकी यी कवयित्री मधुधाराका अरू कविता अन्यत्र कहीँ कतैमा यो लेखकले पढ्न पाएको छैन। न नेपाली महिला साहित्यकार वा कवयित्रीबारे लेखिएका पुस्तकमा पनि तिनको चर्चा भएको भेटेको छ। यद्यपि, मधुधाराभन्दा पहिले 'शारदा' वा 'गोरखापत्र'मा आफ्ना रचना प्रकाशन गर्ने लोकप्रिया देवी, प्रियदर्शिनी देवी, तारा देवी जस्ता लेखिकाबारे भने ती पुस्तकमा सामान्य चर्चा पाइन्छ।

आफ्ना समकालीनहरूभन्दा सुन्दर कविता कोर्ने र यति माधुर्यसहित यात्रा-वर्णन गर्ने यी कवयित्रीबारे थप जानकारी 'गोरखापत्र'मा उपलब्ध छैन। लेखाइको गुणवत्ताका हिसाबले उनी पर्याप्त शिक्षित हुनुपर्ने इंगित गर्छ। तर, उनी हुन् को? उनका थप कविता किन प्रकाशित भएनन्? आशा छ, नेपाली साहित्य र साहित्येतिहासबारे चासो राख्ने अन्वेषकहरूले आउँदा दिनमा यी र यस्तै प्रश्नहरूबारे पक्कै सोधीखोजी गर्नेछन्। र, सम्पादकले भनेभैँ 'पाहाडका कुनामा लुप्त गुप्त भैरहेकी' यी कवयित्री र उनका थप कविता (छन् भने) लाई बाहिर ल्याउनेछन्।

●●●

**गोरखापत्रको टिप्पणी र कविता**

'गोरखापत्र'मा छापिएको मधुधाराको कविता र सम्पादकीय टिप्पणी यहाँ जस्ताको तस्तै उतारिएको छ। हिज्जेसमेत चलाइएको छैन। नबुझिएको वा संशय भएको ठाउँमा चारपाटे कोष्ठकभित्र प्रश्नवाचक चिह्न [?] राखिएको छ। अर्धचन्द्राकार कोष्ठकभित्र रहेको प्रश्नवाचक चिह्न (?) भने मूल पाठमै छापिएको हो।

**कविता = मधुधारा**

कवितामा मधुधारा हुनु जरूरो छ। साँचो कवितामा माधूर्यको धारा हुने गर्दछ। भनाइमा केही विशेषता भएन भने त्यो कविता ब्हैन। तुक्का जोड्दैमा कविता बन्दैन। नवरसलाई तप तप चुहाउन शक्नु नै कविता हो। कविता पद्यमा भै दियो भने बेश, तर पद्य हुँदैमा कविता भन्न पनि हुन्न।

जनैपूर्णिमाका दिन "जटारह" भन्ने कुनै पाहाडी तीर्थमा एउटी कवियित्री गै छन्। उकालो, खोलो, निगालोको भाडी, जूकाको रेलो, हिमच्छादित पर्वत, इत्यादिको उनले वर्णन गरिन्, त्यो वर्णन कस्तो भएको छ : यै हो–

महकँ धारो जस्तो कस्तो मिठो कविता! लेखिकाको नाम पनि रहेछ– 'मधुधारा' नै। जात छेत्रिनी, घर पूर्व दुइ नम्बर पाहाडमा।

पाहाडका कुनामा लुप्त गुप्त भैरहेकी यी कवियित्रीको हामी श्रद्धा र आदर पूर्वक स्वागत गर्दछौं।

*@parajulilr समाजशास्त्री हुन्।*

## कविता = मधुधारा

हिमगिरि माथी तीर्थ "जटारह"
नामक एउटा स्नान निमत्त।
श्रावणीका दिन कति नरनारी
जान तयारी अर्पित चित्त।
लिई दृढ लाठी खहरे काटी
मार्ग नसीधा अति तल माथि।
छिरिरिरि धररर कुलु कुलु जलको
कटिमा पुग्ने कहिले छलको।
सलबल जूका बहुदिन भोका
बल्ल बने तो शोणित पोका।
घ्याङ "घ्याङ खोलो" गर्छ कोहोलो
गिरिका माथी सेतो चोलो।
भम्म निगालो भुलिने बाटो
कहिँ कहिँ मिल्ने अधिक राटो।
बुलु छिरु बिष[?]को राग ननीको
काँपे धनिजन कहिँ लहनीको।
बाटो हेर्दा भर्छ पछ्यौरा
चुप चुप भन्छन् फष्टी न्यु[?]रा।
घाँटि सुक्यो शिव! पानी छैन
छेउ निचोरी जलको चैन।
ठाडि उकाली मा[?]ने डाँडो
शिव! शिव! गलियो नहिँडौं
चाँडो।
लदि बदि बनमा त्यो सुनपाती
चोरी गोट छ डाँडा माथी।
मोहि पकाई 'सेंगिम' 'छुर्पी'
बेचन भोटेहरूको उर्दी।
अलि अलि तेर्सो आयो बल्ल
बिचरा कतिले छाडे हल्ल।
जय सरकार, थर्पु तयार,
हल चल रोक्न छन् सुबेदार।
थिरि थिरि पानी तेर्सो बर्स्यो
भोत्रो भन्दछ बुथाझो खुस्यो।
सातु कुरौनी पोरो चाट्यो!
अरु सब खाना बनिगो काँचो।
जाग्रित राती जनको ताँती
रिमि रिमि जब भो चढिगो माथी।
टल पल जलको पङ्[?]-सुर
रह छ
भरना एक भरभर भरछ।
वरिपरि प्रकृतिनिर्मित बाग
उसको वरिपरि मग मग राग।
स्नान गर्‍यो तिहि रुद्रि पढायो
चिन्तित मनको बोज चढायो।
'चाबा भरच छ' (?) भरना
सकियो
जसमा पञ्चम पोखरि कहियो।
निर्विषो कुटको भैरूम पाती
औषधिहरू छन् जाती जाती।
घुम्ने जनको वरि परि माला
ढुंगा रङ रङ फुम्रा काला।
जल अति निर्मल हीरा सरिको
क्रीडा स्थल हो शिव पुर्जटिको।

उनलाई प्रेरित र प्रोत्साहित गरिएको हुन्थ्यो। प्रेमराजकै प्रोत्साहनले 'गोरखापत्र'मा मधुधाराका ६ वटा कविता छापिए। 'गोरखापत्र'मा छापिएको मधुधाराको छैटौं कविताको शीर्षक थियो, 'हिमाल', १९९४ फागुन २८ गते छापिएको हो त्यो कविता। १९९५ सालमा मधुधाराका कविता कतै प्रकाशित भएनन्। १९९६ साल आश्विनको 'शारदा'मा 'धूम्र उडान' शीर्षकको कविता लिएर फेरि देखा परिन् मधुधारा।

नेपाली भाषा प्रकाशिनी समितिद्वारा प्रकाशित-कविताहरूको संकलन 'नेपाली पद्य संग्रह'मा पनि समावेश गरिए मधुधाराका कविता। 'हिमाल', 'अवोला लेखनी र हामी अवला' अनि 'धूम्र उडान' शीर्षकका उनका कविता नेपाली पद्य संग्रह (भाग १) का विसं १९९८ देखिका विभिन्न संस्करणमा छापिएका छन्।

मधुधाराको परिचय दिँदै सम्पादक बदरीनाथ भट्टराईद्वारा यस्तो लेखिएको छ, "जन्म-करीब १९८३
स्थान-पूर्व २ नं. ठोसे (मेग्जे)
डि.भक्त बहादुर कार्कीकी कान्छी छोरी। कर्णेल भक्तबहादुरकी साली। शास्त्री पं. सोमनाथ घिमिरेबाट प्राथमिक देखि कविता रचनासम्मको शिक्षा। २००३ मा वेददेव अधिकारीका साथमा विवाह। २००६ मा प्रसव वेदनाले मृत्यु।

कुमारी छँदा नै उहाँले कविताहरू लेखी गोरखापत्रमा प्रकाश गराउनुभएको हो। बिहे भएपछि चाहिं उहाँका कविता प्रकाश भएनन्। उहाँको शैली ज्यादै सरल र सरस छ। कच्चै उमेरमा पनि स्त्रीजातिको दुरवस्था देखी 'अबोला लेखनी र हामी अवला' मा आफ्नो वेदना देखाउनुभएको छ। कलम र अवलाको सादृश्य कमजोरी प्रकट गरी सुधारको प्रतिज्ञा पनि गर्नुभएको छ। 'धूम्र उडान'मा चाहिं व्याजोक्ति अलङ्कार भरेर धूम्रपानबाट हुने हानि दर्शाउनु भएको छ" (बदरीनाथ भट्टराई, 'नेपाली पद्य संग्रह' भाग १, चौथो संस्करण, २००८)।

डा. ईश्वर बरालद्वारा सम्पादित 'हिमालचुली' मा मधुधाराको 'हिमाल' शीर्षक कविता समावेश गरिएको छ र यस्तो सम्पादकीय टिप्पणी दिइएको छ, "नारी कवयित्रीमा

जन्माएको थियो" (सोमनाथ घिमिरे व्यास, 'अभिव्यक्ति' पूर्णाङ्क ३३, भाद्र २०३९)।

अर्को सम्बन्धित विद्वान्को भनाइ हेरौं–

"मेरा साथी पं सोमनाथ घिमिरे व्यासको मधुधारा सँग परिचय रहेछ र उनको चातुर्य शिल्पकला आदिबाट प्रभावित भै उनका नामबाट 'सत्य तरङ्ग' भन्ने कविता गो.प.मा सजधजका साथ व्यासजीले लेखी पहिले ९४ सालको प्रारम्भमै छपाउनुभएको, पछि बराबर लेख पठाउन साथी व्यासले मलाई प्रेरणा गर्दा मधुधाराका नामबाट मेरा

व्यवहार चल्दाचल्दै २००० सालमा तिनले आफ्नो पत्रमा लेखिन्, 'अब मेरो बिहा भयो, पत्रव्यवहार गर्न मिल्दैन क्षमा पाऊँ!' साम्बभक्त र तपाईंका पिता (सोमनाथ घिमिरे व्यास)ले मधुधाराका नाममा कविता लेखेर हामीलाई भुक्याइदिएको र हामी सजिलै भुक्किएको सम्भँदा अहिले पनि मलाई ज्यादै नमज्जा लाग्छ। मधुधाराको मोहिनी रूप र रसिक माधुर्यको जुन छवि हाम्रो मनमा थियो अचानक त्यो गर्ल्याम्म ढल्दा प्रेमराज र म जस्ता सम्पादकहरूको कस्तो हालत् भयो होला आफैं सोच्नुस्!"

मनमा उत्सुकता सिर्जिऊन् र उनीहरू थप अनुसन्धानमा प्रवृत्त होऊन्। तीमध्ये धेरै 'गोरखापत्र'को अभिलेखबाट निकालिएका हुन्छन्।

सन् २०१२-२०१३ मा एउटा विद्वत्‌वृत्तिअन्तर्गत अमेरिकाको युनिभर्सिटी अफ इलिनोय एट सिकागोमा करिब नौ महिना (एक शैक्षिक वर्ष) मैले बिताएँ। सो क्रममा सिकागो युनिभर्सिटीमा रहेको 'गोरखापत्र'का

आफू नेपाली साहित्यको विद्यार्थी वा साहित्यको इतिहासको अन्वेषक नभएकाले यी महिला साहित्यकारबारे कहीँ कतै केही लेखिएको छ कि भनेर मैले महिला कवि, साहित्यकार बारेका पुस्तकहरू (लीला लुइटेल, ज्ञानु पाण्डे, साहित्यकार कोष, आदि) खोतलें। ती पुस्तकमा मैले उनीबारे कसैले केही लेखेको भेटिनँ। अनि तिनैउपर संक्षिप्त टिप्पणी लेखेर विमलजीलाई दिने विचार गरी फोनमा कुराकानी गरें। उनीबारे केही थाहा छ कि भनेर सोधें, र लेखी पठाएँ। जुन गत हप्ता छापियो पनि। त्यो मेरो नाउँमा छापिएको लेखको महत्ता स्वयंमा थिएन, त्यो त मधुधाराको काव्यमा थियो, जसले यथोचित स्थान पाएको थियो।

तर रोचक घिमिरेजीले सात वर्षअघि नै 'गरिमा' (असार २०६८) मा मधुधारा र उनका नाउँमा छापिएका कविताबारे लेखिसक्नु भएको रहेछ। मेरो लेख छापिएपछि रोचकजीले विमलजीलाई सम्पर्क गर्नु भएछ। विमलजीमार्फत मैले सो लेखबारे जानकारी पाएँ र उहाँको लेख पढें। काण्ड निकै रोचक रहेछ, अनि लेख गज्जब। आफैंलाई लाज लाग्यो र टिटमा लेखें, 'लाजे भो।' रोचकजीले मात्रै होइन अरूले पनि लेखेका रहेछन्, अनि म मात्रै होइन अरूसमेत भुक्किएका रहेछन्, उहाँकै लेखबाट थाहा भयो।

पुरुषले महिलाको नाउँमा लेखेको यो मात्रै रचना होइन। न यो पहिलो हो, न अन्तिम नै। (शंकर लामिछाने र 'कुमुदिनी काण्ड' त कुख्यातै छ!) मैले राणाकालको उत्तरार्द्धमा महिला शिक्षाबारे अनुसन्धान पत्र लेख्ने सो मुद्दामा पत्रपत्रिकामा भएका बहस केलाएको थिएँ। सो बहसमा महिलाका नाउँमा विभिन्न पत्र छापिएका थिए। दरबार हाइस्कुलका प्राचार्य बोधविक्रम अधिकारीले पनि महिला शिक्षाबारे लेखेका थिए।

मधुधाराको 'हिमाल' शीर्षक कविता समावेश गरिएको छ र यस्तो सम्पादकीय टिप्पणी दिइएको छ, "नारी कवयित्रीमा लोकप्रिया देवी, गुह्येश्वरी देवी, कुसुम मञ्जरी देवी, गोमा, मधुधारा, लक्ष्मी प्रिया देवीको प्रसङ्ग यहाँ उठ्नु प्रासङ्गिक नै छ। ... मधुधारा अत्यन्त थोरै कलावधिमा काव्यात्मक भिल्का देखाई स्वर्ग गइन्" (डा. ईश्वर बराल, 'हिमालचुली', साझा प्रकाशन, २०४३)।

'मधुधारा'का कविताका प्रशंसक, आजका राष्ट्रकवि माधव घिमिरेको भनाइ यस्तो छ, "गोरखापत्रमा प्रकाशित मधुधारा नाम जति मिठो लाग्थ्यो, त्यसभन्दा झन् बढी तिनको कविता मिठो लाग्थ्यो। उनको एक कविता पढ्दा त मलाई सल्लाघारी र निगालाघारीमा हुर्हुराउँदै दौडिने कुहिरोमा आरुढ भएर लेकाली फूल रुझाउने सिमसिमे पानीको सङ्गीतले आमन्त्रित हुँदै प्रिय लेक जगरामा पुगेजस्तो लाग्थ्यो" (माधव घिमिरे, 'दीपज्योति' वर्ष ५ अंक १, वैशाख २०३९)।

उमानाथ शास्त्री सिन्धुलीय आफ्नो महाकाव्य मधुधारालाई समर्पण गर्दै यस्तो पंक्ति कोर्नुहुन्छ :

यो कुनाभित्र त्यो वेला
भित्तो फोरी समाजको
बग्ने साहित्यकी धारा
मधुधारा! कता गयौ ?
बिजुलीमा बली हाँस
चाहे बादलमा छिप
यो तिम्रै फूल बारीको
फूल यौटा थुङ्गो टिप

(उमानाथ शास्त्री 'सिन्धुलीय', 'मकवाली वाला', २०३५ साझा प्रकाशन)

आज पनि नेपाली साहित्यका नारी स्रष्टाहरूबारे चर्चा गर्दा लेखकहरू मधुधाराको नाम छुटाउँदैनन्। यसरी सालको प्रारम्भमै छपाउनुभएको, पछि बराबर लेख पठाउन साथी व्यासले मलाई प्रेरणा गर्दा मधुधाराका नामबाट मेरा चार कविता छापिए। मधुधारा संग मेरो र उनको देखादेख सम्म भएन। व्यासजीले मेरो नाम सम्म सुनाउनु भयो होला। ९४ सालमा सोमनाथ व्यास सालू भन्ने ठाउँमा सालू पाठशालामा गुरु हुनुहुन्थ्यो र म चाहिं रामेछाप पाठशालामा पढाउथें। सालुबाट रामेछाप २ कोस टाढा पर्दछ। प्रत्येक बिहिबार रामेछाप हाटमा साथी सोमनाथ सँग भेट हुन्थ्यो। हामी दुवैको सल्लाहले मधुधाराका नामबाट गोरखापत्र सम्पादक कहाँ चिट्ठी जान्थ्यो। गोपका सम्पादक प्रेमराजजीले उनको नामको कवितालाई सत्य ठहऱ्याई पत्र पठाउन थाल्नुभयो। रामेछापबाटै पत्रको उत्तर जान थाल्यो। विचरी मधुधारालाई पत्तै हुँदैनथ्यो। उनको नाउँको पत्रबाट गद्यमा पनि प्रभावित भई 'अङ्ग्रेजी पढ्न आउनुहोस् सकेसम्म म सहायता गर्न तत्पर छु' भन्ने पत्र सम्म आयो। 'मेरो विवाह भयो अव मलाई स्वतन्त्रता छैन' भन्ने पत्र पठाएपछि मात्र पत्र व्यवहारबाट अवकाश मिल्यो। यस्ता रितले यो खेल भएको भित्री रहस्य विचरीलाई के थाहा ?" (साम्बभक्त शर्मा सुवेदी (आत्म जीवनी), संग्रह प्रकाशन २०३२)

मधुधाराका नाममा प्रकाशित सात कवितामध्ये कुन कुन कविताका लेखकको को हुन् त ? भन्ने डा. गणेश भण्डारीको जिज्ञासा शान्त पार्दै साम्बभक्त सुवेदीले क्रमश: ती कविताका शीर्षक र रचनाकारबारे यसरी प्रस्ट पार्नुभएको छ– (१) 'सत्य तरंग'-सोमनाथ घिमिरे (२) 'जटारह'-सोमनाथ घिमिरे (३) 'स्त्री जीवन'-साम्बभक्त सुवेदी (४) 'माहुरी'-साम्बभक्त सुवेदी (५) 'अबोला लेखनी र हामी अबला'-साम्बभक्त सुवेदी, (६) 'हिमाल'-सोमनाथ घिमिरे (७) 'धूम्र उडान'-साम्बभक्त सुवेदी (गणेश भण्डारी, 'मधुपर्क', २०२६ वर्ष २ अंक ८)।

डा. गणेश भण्डारीले यस्तो अड्कल पनि गर्नुभएको थियो अचानक त्यो गल्र्याम्म ढल्दा प्रेमराज र म जस्ता सम्पादकहरूको कस्तो हालत् भयो होला आफैं सोच्नुस्!" (रोचक घिमिरे, 'सम्भनामा फक्रिएका थुंगा' २०५६, साझा प्रकाशन)

यस पंक्तिकारलाई पिता सोमनाथ घिमिरेद्वारा थाहा भएअनुसार उहाँले ठोसे पाठशालामा अध्यापक छँदा आफ्नै नाममा गोरखापत्रमा प्रकाशनार्थ कविता पठाउनु भएछ। दुईवटासम्म कविता पठाउँदा पनि नछापिएपछि उहाँले त्यही विद्यालयमा पढ्ने आफैंद्वारा नामकरण गरिएकी छात्रा मधुधाराको नामबाट 'सत्य तरंग' शीर्षक कविता गोरखापत्रलाई पठाउनुभएछ। तत्काल त्यो छापिएछ। यसबाट उत्साहित भएर फेरि दोस्रो 'जटारह' शीर्षक कविता त्यसैगरी पठाउँदा त्यो पनि छापियो। त्यतिमात्र होइन सम्पादक प्रेमराज शर्माले मधुधारालाई प्रेरित गरेर चिठीसमेत लेख्न थाल्नुभएछ। सालू पाठशालमा सरुवा भएपछि रामेछाप पाठशालाका शिक्षक आफ्ना घनिष्ठ मित्र साम्वभक्त सुवेदीलाई पनि हौस्याएर मधुधाराका नाममा कविता लेख्न लगाएर गोरखापत्र, शारदा आदिमा पठाउन लाग्नुभएछ।

मधुधाराका कवितालाई तारिफ गरेर चिठी लेख्ने अरू कविहरूमा सिद्धिचरण श्रेष्ठ र भवानी भिक्षु हुनुहुन्थ्यो भन्नुहुन्थ्यो पिताजी। ती पत्रहरू रामेछापकै घरमा भएका र आफू काठमाडौं बस्न थालेपछि संरक्षणको अभावमा हराएका कुरा पिताजी गर्नुहुन्थ्यो! तत्कालीन दुईजना युवा कविले गरेको लहडबाजीले एउटी काल्पनिक कवयित्री जन्माएर चर्चाको चुलीमा पुऱ्याएको यो सन्दर्भ नेपाली साहित्यको इतिहासमा अनौठो र रमाइलो घटनाका रूपमा देखा पर्छ। यस घटनासँग सम्बन्धित स्रष्टाहरू कोही पनि आज जीवित हुनुहुन्न। उहाँहरूद्वारा रचिएको त्यस्तो कौतुकमय कृत्यचाहिँ नेपाली साहित्यक वृत्तमा मनोरम घटनाका रूपमा सुरक्षित रहनेछ!

(एक शैक्षिक वर्ष) मैले बिताएँ। सो क्रममा सिकागो युनिभर्सिटीमा रहेको 'गोरखापत्र'का पुराना अंक माइक्रोफिल्ममा हेर्ने अवसर मिल्यो। मदन पुरस्कार पुस्तकालयमा रहेको 'गोरखापत्र'को संग्रहको माइक्रोफिल्म सो विश्वविद्यालयको सहयोगमा उतारिएको थियो र त्यसको एक प्रति सो विश्वविद्यालयको पुस्तकालयमा समेत राखिएको छ।

मैले 'गोरखापत्र'का १९९३ सालदेखि २०१७ सालसम्मका अंकहरू नेपालको शिक्षाको इतिहास केलाउने क्रममा हेरेको हुँ। त्यसका लागि 'गोरखापत्र'मा प्रकाशित शिक्षासम्बन्धी सप्पै खाले सामग्री अध्ययन गर्नुपर्ने भन्ने आफूले ठम्याएकाले 'गोरखापत्र'का हर अंक शिरदेखि पुछारसम्म म हेर्थें। कुनै पनि लेख, सम्पादकीय, विज्ञापन, इस्तिहार, पाठकपत्र, सूचनामा शिक्षाबारे केही कुरा परेको छ भने मैले तिनलाई आफ्नो संग्रहमा राखिहाल्थें।

यसरी आद्योपान्त 'गोरखापत्र'का अंकहरू केलाउँदै जाँदा त्यहाँ विभिन्न खाले सामग्री देखिन्थे। यो मुन्टो र आँखा दुखाउने बहुतै झन्झटिलो काम गर्दा कतिपय रोचक सामग्री पढ्न पाइन्थ्यो; जसले आँखा, टाउको र घाँटीका पीडा बिर्साउँथे।

शिक्षाको इतिहास अनुसन्धान गरिरहेको भए पनि शिक्षाबाहेक मलाई चाख लागेका अन्य विषयसम्बन्धी सामग्री भेटेको खण्डमा तिनलाई समेत म संग्रह गर्थें। उदाहरणका लागि फेसनबारे, हलो जोत्नेबारे, राजनीतिबारे, पुस्तक/प्रकाशन/समीक्षाबारे, प्राचार्य बोधविक्रम अधिकारीले पनि महिला शिक्षाबारे लेखेका थिए।

उनको 'पेट्रोनाइजिङ' लेखमाथि महिलाहरूले असहमति जनाउँदै प्रतिक्रिया पठाएका थिए। कडा प्रतिक्रियाबाट तिलमिलाएका बोधविक्रमले ती लेखकलाई महिलाको मुखुण्डो लगाएका पुरुषको आरोप लगाएका थिए। महिलाले त्यस्तो बलियो तर्कसहित लेख्नै नसक्ने उनको ठहर थियो।

अरू 'बोधविक्रम'हरूले पनि महिलाका नाउँमा आएका रचनामा शंका गरेको देखे-सुनेको छु, अद्यापि। यो त झन् पहिलेको कुरा थियो। तर म महिलालाई मात्र शंका गर्न चाहन्थिनँ र चाहन्नँ। कतिपय महिला लेखकले विभिन्न कारण पुरुषको नाउँमा लेखेका होलान् नि (उदाहरण, ब्रोन्ट दिदीबहिनी, जेके रोलिङ, आदि)। तर हामी पुरुषको नाउँमा छापिएका सामग्री पुरुषकै हो भन्ठान्छौं, जब कि महिलाका सामग्रीबारे चाहिँ तुरुन्तै संशय व्यक्त गर्छौं। किन महिलाले लेखेका सामग्रीबारे (अझै) प्रश्न उठाइन्छन्, शंका गरिन्छन् ? किनभने हामीलाई लाग्छ– महिलाले गतिलो, राम्रो लेख्नै सक्दैनन्; त्यो त पुरुषको जिम्मा हो। हामी ठान्छौं– ज्ञानको प्राधिकार पुरुषमा मात्रै छ। ज्ञानी, विचारवान्, जान्नेसुन्ने भनेको पुरुष नै हुन्छ!

खैर, जे भयो, सो भयो। यही मेसोमा पुरानो बिर्सिएको एउटा कविता, सर्जक र काव्यलेखनबारे एक पटक पुन: चर्चा-परिचर्चा गरियो। विमलजी र रोचकजी अनि अन्नपूर्ण फुर्सदलाई धन्यवाद।